आज मिति २०७६/०३/०३ गते साझ ४ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| 1. | राधेश्याम चौधरी | अध्यक्ष | |
| 2. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| 3. | भेषनारायण चौधरी | सदस्य | |
| 4. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| 5. | अणेन्द्रनाथ राय | सदस्य | |
| 6. | छोटेलाल यादव | सदस्य | |
| 7. | दिनेश सहानी केवट | " | |
| 8. | कैलास यादव | " | |
| 9. | हयात खाँ धुनिया | " | |
| 10. | छिमादेबी चौधरी | " | छिमा |
| 11. | चन्दादेवी चौधरी | " | |
| 12. | जन्त्री केवटिन | " | जन्त्री |
| 13. | विन्दादेनी धोवी | " | |
| 14. | जोखु प्रसाद कहार | " | |
| 15. | श्री सुनिता हरिजन | " | सुनिता |
| 16. | श्री झविश्वर रेग्मी | " | |
| 17. | नारायण पाण्डेय | आमन्त्रित | |
| 18. | तुल्सी प्रसाद अधिकारी | " | |
| 19. | नरेश कोहार | " | |
| 20. | राजन वस्याल | " | |
| 21. | टंकनाथ ज्ञवाली | " | |
| 22. | देशकान्त वस्याल | " | |
| 23. | ओमनारायण देवकोटा | " | |
| 24. | हेमन्त कुमार चौधरी | " | |
| 25. | विजय खड्का | " | Bijuy |
| 26. | निशा चौधरी | " | |
| 27. | निरज ठाकुर | " | |
| 28. | सोनेलाल शाह | " | |
| 29. | अजय वर्मा | " | |
| 30. | नरसिंह प्र. चौधरी | " | |

<u>**प्रस्ताव एवं निर्णय**</u>

<u>**प्रस्ताव नं. १ - पाचौ गाउँसभा सम्बन्धमा**</u>

**निर्णय नं. १** - प्रस्ताव नं. १ उपर छलफल गर्दा सरावल गाउँपालिका को पाचौ गाउसभा मिति २०७६/०३/१० गते विहान ७ वजे गाउकार्यपालिकाको सभाहलमा प्रारम्भ गर्ने निर्णय गरियो ।

<u>**प्रस्ताव नं. २ - राहत प्रदान गर्ने सम्बन्धमा**</u>

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा विगत केही दिनअगाडि हावाहुरी आई यस गा.पा अन्तर्गत रहेका घरहरु क्षति पुर्याएकोमा क्षति भएकामध्ये ५ हजार भन्दा कम क्षती भएका वडा नं. २ अन्तर्गतका पिडितहरुलाई रु २ हजारका दरले र ५ हजार भन्दा वढि क्षती भएका पिडितहरुलाई रु ३ हजारका दरले विपत व्यवस्थापन शिर्षकवाट राहत प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - अतिरिक्त समय काम गर्ने कर्मचारीको लागी प्रोत्साहन भत्ता सम्वन्धि कार्यविधि-२०७६ स्विकृत गर्ने सम्बन्धमा**

**निर्णय नं. ३** - प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गा.पामा कर्मचारीको अभाव एवं कामको चापको कारणले कर्मचारीहरुले अतिरिक्त समयमा काम गर्नुपरेको र सो कार्य वापत निजहरुलाई अतिरिक्त समय प्रोत्साहन भत्ता उपलव्ध गराउन वाञ्छनिय भएकोले सो कार्यको सही व्यवस्थापनको निमित्त तयार गरिएको अतिरिक्त समय काम गर्ने कर्मचारीको लागी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७६ वैठकमा पेश गरि सो कार्यविधिलाई स्विकृत गर्ने निर्णय गरियो । सो वापत हुने खर्च सरावल गा.पाको वार्षिक स्विकृत कार्यक्रमको अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता नामक शिर्षकवाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>**प्रस्ताव नं. ३ - श्रध्दाञ्जली सम्बन्धमा**</u>

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. ३ अन्तर्गत हुलासी टोल निवासी स्वयंसेविका मिना क्षेत्रीको यही मिति २०७६/०२/ गते सर्पदंशवाट अल्पायुमै मृत्यु भएकोमा मृतआत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ती ईश्वरले प्रदान गरुन भन्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।साथै उहा जिवित छदा गर्नुभएको सेवाको उच्च मुल्यांकन गर्दै कृया खर्च स्वरुप सामाजिक सेवा वा अन्य उपयुक्त शिर्षकवाट रु २० हजार राहत उपलव्ध गराउने निर्णय गरियो ।

<u>**प्रस्ताव नं. ४ - आगामी वैठक सम्बन्धमा**</u>

निर्णय नं. ४ - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गा.पा को आगामी वैठक २०७६/०३/८ गते दिउसो ३ वजे वस्ने निर्णय गरियो साथै गाउसभाको तयारीका निमित्त सम्पुर्ण विषयगत शाखाका प्रमुखहरुले आ.व २०७६/०७७ मा सञ्चालन हुने आ-आफ्नो क्षेत्रगत कार्यक्रम तयार गरी पेश गर्ने निर्णय गरियो ।